## मिडिया एलाईन्स नेपाल, नेपाल केवल टेलिभिजन व्यवसायी महासंघ र नेपाल विज्ञापन संघ आनको संयुक्त वक्तव्य

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आज मिति २०७७/६/२८ गते प्रकाशित प्रेस विज्ञप्तीको हामी स्वागत गर्दछौ । विज्ञापन (नियमन गर्ने) ऐन २०७६ मै डाउनलिंक अनुमति लिएका विदेशी टेलिभिजनहरु २०७७ साल कार्तिक ७ गते (एक वर्ष) भित्र विज्ञापनरहित हुनुपर्ने प्रावधान रहेको र कुनैपनि वहानामा ऐन कार्यान्वयनमा ढिलाई गर्न नहुने हाम्रो मत पुनः जाहेर गर्न चाहन्छौ ।

हामीले मिति २०७७/६/१८ मा जारी संयुक्त वक्तव्यमा उल्लेख भएको विज्ञापन ऐन राष्ट्र, राष्ट्रियता र सँस्कृतिको जगेर्नाका साथै नेपाली उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न महत्वपूर्ण कोशेढुंगा हुने भएकोले तत्काल प्रभावकारी कार्यान्वयन गर्न पुनः माग गर्दछौ ।

ऐनको कार्यान्वयनका लागि विज्ञापन बोर्ड गठन अत्यावश्यक भएकाले व्यवसायीक व्यक्तिहरुको संलग्नतामा विज्ञापन बोर्डको गठन गर्न ढिलाइ नगर्न माग गर्दछौ । साथै नेपाल केवल टेलिभिजन व्यवसायी महासंघले उठाएका मागको तत्काल सम्बोधन गर्न समेत सरकारसंग जोडदार माग गर्दछौं ।

| | | |
|---|---|---|
| भाष्कर‌राज राजकर्णिकार | ध्रुव शर्मा | रवीन्द्रकुमार रिजाल (शशी) |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| मिडिया एलाईन्स नेपाल | नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ | नेपाल विज्ञापन संघ (आन) |

मितिः २०७७ /०६/२८ गते आइतवार